# द टाइम्स माध्यमिक विद्यालय

**डिल्लीबजार, काठमाडौं**

**प्रथम त्रैमासिक परीक्षाः २०७६**

| | | |
|---|---|---|
| कक्षाः ११ | समूह क | पूर्णाङ्क : १०० |
| सङ्कायः मानविकी (बिहानी समूह) | | उत्तीर्णाङ्क : ४० |
| विषय : नेपाली | | समय : ३ घण्टा |

सबै प्रश्नको उत्तर दिनुहोस्

**१ कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **५**

(क) तल दिइएका वर्णलाई उच्चारण प्रयत्न र प्राणत्वका आधारमा चिनाउनुहोस् :

**घ, च, म, य, स**

(ख) तल दिइएका शब्दहरूको अक्षर संरचना र अक्षर सङ्ख्यासमेत लेख्नुहोस् :

अनुसन्धान, व्यक्तित्व, वारिपारि, विशेष, राम

**२ शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** **५**

रविनाले भावुक हुँदै भनिन, गणितका शुत्र र भौतिकसास्त्रका तथ्यले मात्र जीवन चल्दो रहेनछ । आफूले अरूको भावना नबुझि आफ्नो स्वार्थकालागि उसको जीवन सँग खेलवाट गर्ननहुनेरहेछ । वल्ल आज आएर बुझे ।

**३ तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गरी लेख्नुहोस्:** **३**

**<u>सधैं</u>** जस्तै **<u>पठाइ</u>** राम्रो गर्न नसकेको ज्यानले **<u>आफू</u>** पढ्दै गरेको **<u>यो</u>** विद्यालय नै छोड्न पर्ला भन्ने **<u>त</u>** सोचेकै **<u>थिएन</u>** ।

**४ तलको अनुच्छेदबाट दुई दुईवटा तत्सम र आगन्तुक शब्दको पहिचान गरी लेख्नुहोस् :** **२**

डाक्टर, इन्जिनियरलगायतका प्राविधिक शिक्षा पढ्नेलाई नेपाली भाषाको किन आवश्यक छ र ? भनेर प्रश्न गर्ने ती विषय विशेषज्ञ होइनन् । तिनीहरू नेपाली भाषाप्रति प्रहार गर्ने नियतले लागेका व्यक्तिहरू हुन । तिनीहरूलाई बेलैमा चिन्नुपर्ने देखिन्छ ।

**५ तलका प्रश्नको उत्तर दिनुहोस् :** **२×३=६**

**(क) तलको अनुच्छेदबाट तीनवटा समस्त शब्द र तीनवटा द्वित्व शब्दहरू छनोट गरी समस्त शब्दको विग्रह र द्वित्व शब्दको बनोट प्रक्रिया उल्लेख गर्नुहोस् :**

वनपाले दाइले प्रेममग्न ससानो ढुकुरको जोडीलाई एउटै मट्याङ्ग्राले खसालिदिएछन् । सान्नानीले मरमसला हालेर पकाएको ढुकुरको मासु क्या स्वादिलो बन्यो । सागपात खाने मान्छेलाई त मासुसासु पनि चाहिँदैन । त्यसो भएको हुनाले आजभोलि ठूलाठूला कुरा गर्न छोडिएको छ ।

**(ख) तलको अनुच्छेदबाट तीन तीनवटा उपसर्ग र प्रत्यय लागेका शब्दहरू खोजी निर्माण प्रक्रिया पनि देखाउनुहोस् :**

लडाइँमा विजय वा पराजय पनि हुन सक्छ भन्ने कुरामा सचेत रहनोस् । मुर्ख्याइँ नगरी हार्दिकताका साथ जोसिलो जीवन बाँच्नोस्, शत्रु रहस्यमय ढङ्गले निस्तेज हुनेछन् । सङ्कटको सही समाधानका लागि तत्कालीन परिवेशलाई अध्ययन गर्न नबिर्सनोस् ।

**६ .तलका कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ५

**(क) तलको अनुच्छेदमा रहेका वाक्यहरुलाई उच्च आदरमा परिवर्तन गर्नुहोस् :**

उसले गाएको गीतले त मेरो मनै छोयो । तँलाई पनि त्यसैगरी गीत गाउन आउँछ ? उनीहरुलाई त आउँदैन अरे । तिमी पनि नाच्न त खुब राम्रो नाच्दा रहेछौ । मेरा भाइबहिनी त असाध्य राम्रो गाउँछन् पनि नाच्छन् पनि ।

**ख) तलको अनुच्छेद वाक्यलाई एकवचन भए बहुवचन र बहुवचन भए एकवचनमा परिवर्तन गरी वाक्य ढाँचा समेत मिलाई पुनर्लेखन गर्नुहोस् :**

ती जापानी पर्यटकहरू थिए । तिनीहरू हातमा क्यामेरा र नक्सा बोकेर हिँड्दै थिए । तिनीहरू अग्ला हिमालहरू देख्ना साथ रमाएर उफ्रिए । तिनीहरूले हिमालको दृश्यलाई क्यामेरामा कैद गरे । तिनीहरू फेरि आफ्नो बाटो लागे ।

**७. तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :** ६

म गाउँबाट आएको मान्छे हो । तिमी कहाँबाट आयो ? उनी पनि राजधानी हेर्न आएको हो । तिमीलाई थाहा छ भने सिंहदरबार देखाइ दिएन । त्यो कस्तो हुनुहुन्छ ? म तिमीलाई धन्यवाद दिन्छ ।

**८. तलका प्रश्नको उत्तर दिनुहोस्** : २×४=८

**(क) तलको अनुच्छेदका वाक्य पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य ढाँचा समेत मिलाई पुनर्लेखन गर्नुहोस् :**

एक दिन एउटा युवक बाटोमा हिँडिरहेको रहेछ । एउटी युवतीले उसलाई बोलाइछ । युवती त्यो युवक जता जाने हो त्यतै जाने रहिछ । ती युवतीलाई त्यस युवकले चाहिं चिनेको रहेनछ ।

(ख) **तलका वाक्यलाई सामान्य भूतकालमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

हिजो रमेश भात खाएर यहाँबाट छिटै हिँडेको थियो । ऊ स्कुल ढिलो पुगेको थियो । शिक्षक शिक्षिकाले उसलाई सोधेका थिए । उसको बाटामा जाम परेकाले ढिलो आइ पुगेको बताएको थियो ।

**९.तलका अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :** १०

लोकतन्त्रमा सूचनका माध्यमको व्यवस्थापन कसले र कसरी गर्ने भन्ने विषयमा खास सैद्धान्तिक विवाद छैन तर व्यावहारिक प्रयोगमा भने विभिन्नता पाइएका छन् । लोकतान्त्रिक देशहरूको समेत प्रसारण माध्यमहरूको व्यवस्थापन सरकारको तर्फबाट हुने परिपाटी अझै पनि नभएका होइन तर छापा माध्यम भने प्राय : सरकारद्वारा सञ्चालित हुने गर्दैनन् । नेपालमा भने अहिले छापा माध्यम सरकारले चलाइरहेको छ । लोकतन्त्रको पुनर्स्थापना हुनुभन्दा पहिले सूचना प्रवाहको परिपाटी नियन्त्रणात्मक र निर्देशनमुखी थियो । अपेक्षाकृत स्वतन्त्र रूपमा सूचना दिन खोज्ने निजी क्षेत्रका माध्यमहरू समेत सरकारका तर्फबाट बारम्बार प्रताडित र प्रतिबन्धित हुने अवस्था थियो । लोकतन्त्रको स्थापनाले यस परिपाटीमा व्यापक र आधारभूत परिवर्तन ल्यायो । परिणाम स्वरूप निजी क्षेत्रका सञ्चार माध्यमहरूमाथिको नियन्त्रित परिपाटी समाप्त गरे पनि सरकारी संस्थाहरूबाट सूचनाको प्रवाह गर्ने परिपाटीमा अपेक्षा गरे अनुसारको गुणत्मक परिवर्तन भने आउन सकेको देखिँदैन । जे जति परिवर्तन देखिन्छ त्यो व्यवथित र वैज्ञानिक सुधारका कारण नभएर व्यापक राजनीतिक परिवर्तनको कारण हुन पुगेको स्वाभाविक परिणाम मात्र अनुभव हुन्छ ।

**<u>प्रश्नहरू</u>**

(अ) लोकतन्त्रमा सञ्चार माध्यमको व्यवस्थापन कसरी गर्नु उचित हुन्छ ?

(आ) लोकतन्त्रको पुनस्थापना हुनुभन्दा पहिले सूचना प्रवाहको परिपाटी कस्तो थियो ?

(इ) लोकतन्त्रले सञ्चार क्षेत्रमा कस्तो परिवर्तन ल्यायो ?

(ई) नेपालमा सरकारी स्तरबाट के कस्ता सञ्चार माध्यमहरू सञ्चालित छन् ?

(उ) 'प्रसारण माध्यम' र 'अपेक्षाकृत' शब्दको अर्थ लेख्नुहोस् ।

**१०. तलको अनुच्छेद पढी एकतृतीयांशमा संक्षेपीकरण गर्नुहोस् :** **५**

पानीमा फोहोर कसिङ्गर मिसियो भने प्रदूषित हुन्छ र मानवका लागि प्रयोगयोग्य हुँदैन । पानी प्रदूषित हुने धेरै कारणहरू हुन्छन् । वर्षाको पानीलाई सबैभन्दा शुद्ध मानिन्छ । जुन बेला बादल चिसिएर पानी बन्छ त्यस बेला पानी शुद्ध हुन्छ । तर पानी जब आकाशबाट खस्न थाल्छ, तब हावामा रहेका धुलोका कणहरू र ग्याँसहरूसँग सम्पर्कमा आएर पानी दूषित हुन थाल्छ । खास गरेर औद्योगिक प्रदूषण हुने ठाउँमा पानी अत्यधिक प्रदूषित हुन्छ र मानवमात्रका लागि होइन जीवजन्तुका लागि पनि हानिकारक हुन्छ । अव्यवस्थित रूपले ढल निष्काशन गर्दा पनि पानी प्रदूषित हुन्छ भन्ने कुराको प्रमाणका रूपमा उपत्यकामा बग्ने विभिन्न खोलाहरूलाई लिन सकिन्छ । ढल निकासले गर्दा प्रदूषित

भएको पानीमा रोगका कीटाणुहरू व्यापक रूपमा फस्टाउँछन् । त्यसै कारण पानीका जलचरहरू हराएर जान्छन् । खेतबारीबाट बग्ने रासायनिक मल, कलकारखानाबाट बग्ने रासायनिक झोल एवम् सडक र बस बिसौनीहरूबाट बग्ने रायनिक पदार्थ मिसिएका भलले पनि पानी प्रदूषित हुन्छ । जुन स्वास्थ्यका लागि अत्यन्त हानिकारक हुन्छ ।

११. आफ्नो घरमा एउटा टेलिफोन लाइन जडान गरिदिन अनुरोध गर्दै स्थानीय दूरसञ्चार कार्यालयलाई सम्बोधन गरी एउटा निवेदन लेख्नुहोस् । ५

१२. **'बढ्दो सवारी दुर्घटना' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् । ५**

**अथवा**

**आफ्नो विद्यालयमा सम्पन्न खेलकुद कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार गर्नुहोस् ।**

१३. **तल दिइएका मध्ये कुनै एक शीर्षकमा २५० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् :** १०

क) नेपालमा पर्यटनको सम्भाव्यता, ख) देश निर्माणमा युवावर्गको भूमिका,

ग) मैले चाहेको नेपाल

१४. **तल दिइएको प्रश्नको उत्तर दिनुहोस् :** १०

क) नेपालै नरहे कवितामा के कस्तो राष्ट्रियता र देशप्रेमको भाव अभिव्यक्त गरिएको छ ?

ख) 'आइमाई साथी' निबन्धमा निबन्धकारले व्यक्त गरेका विचारमा तपाईंको सहमति वा विमति के रहेको छ ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।

**१५.कुनै दुई प्रश्नको उत्तर दिनुहोस् :** २×५=१०

क) **तलको कविताांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

आकाश छुने टाकुरा हाम्रो भेटेर भेटिन्न  
पौरखी हाम्रा पुर्खाको पाइला मेटेर मेटिन्न  
बिम्झौला कहाँ पूर्वको पैलो उज्यालै नरहे  
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे ।

**प्रश्नहरू :**

(अ) आकाश छुने टाकुरा भेटेर भेटिन्न भन्नुको तात्पर्य के हो ?  
(आ) पूर्वको पहिलो उज्यालोले कुन कुराको बोध गराउँछ ?  
(इ) पुर्खाको पाइला मेटेर मेटिन्न भनेको के हो ?  
(ई) के भएमा नेपालीको अस्तित्व रहन्छ ?  
(उ) यस कविताांशको मूल भाव के हो ?

(**ख) तलको कथांश पढी सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस्–**

यो सबै सङ्गत गुनाको फल । ठूलाबडाको सङ्गतको विष त महामारी फैले झैँ पो फैलन्छ त । यसले हामी जस्ताको त प्राणै चुस्छ ।

**प्रश्नहरू :**

अ) यो भनाइ कसको हो ?  
आ) 'ठूलाबडाको सङ्गतको विष त महामारी फैले झैँ पो फैलन्छ त' भन्नुको तात्पर्य के हो ?  
इ) यो कथन कुन सन्दर्भमा भनिएको हो ?  
ई) यो कथांशपछि लगत्तै कस्तो कथा सन्दर्भ आउँछ ?  
उ) यस कथांशको सार के हो ?

**ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

नारीलाई नरकको मूल ढोका नठान्ने र जीवनका सबैजसो क्षेत्रमा स्त्री-पुरुषको बराबर हक हुनुपर्छ भन्ने एवम् पछौटे देशका आइमाईलाई घर नाउँको झ्यालखानाभित्र थुनिरहन नदिई सामाजिक क्षेत्रमा समेत हौस्याउनेहरू साहित्य, राजनीति आदितर्फ लागेका आधुनिक युवाहरू नै हुन् ।

**प्रश्नहरू :**

अ नारीलाई नरकको मूल ढोका नठान्नाको कारण के हो ?  
आ. आधुनिक युवाहरूमा स्त्री-पुरुषका विषयमा कस्तो दृष्टिकोण रहेको छ ?  
इ. पछौटे देशका आइमाईका लागि घर किन झ्यालखाना हो ?  
ई. माथिको सम्दर्भबाट नेपाली समाजको कस्तो तस्बिर प्रस्तुत भएको छ ?  
उ. लेखकको नारीसम्बन्धी मान्यता कस्तो रहेको छ ?

१६. **'छिमेकी भनेको जिउँदाका जन्ती र मर्दाका मलामी हुन्' भन्ने भनाइलाई छिमेकी कथाका आधारमा प्रतिकिया लेख्नुहोस् ।** ५

**समाप्त**

| | | |
|---|---|---|
| द टाइम्स माध्यमिक विद्यालय<br>डिल्लीबजार, काठमाडौं<br>प्रथम त्रैमासिक परीक्षाः २०७६ | | |
| कक्षाः ११ | समूह ख | पूर्णाङ्क : १०० |
| सङ्कायः मानविकी (बिहानी समूह) | | उत्तीर्णाङ्क : ४० |
| विषय : नेपाली | | समय : ३ घण्टा |

सबै प्रश्नको उत्तर दिनुहोस्

**१. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ५

(क) तल दिइएका वर्णहरूलाई उच्चारण स्थान र घोषत्वका आधारमा चिनाउनुहोस् :

**घ, च, ब, य, ह**

(ख) तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या समेत लेख्नुहोस् :

मन्जन, सर्वमान्य, रहस्यमय, परीक्षा, स्थान

**२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** ५

डोकामा नांलो लगाएर बीस किलो सामाग्री बोकि मेरो छोरा परदेस गयो । ऊ भारतको कलकत्ता पुग्यो । तेयहाँ उसले एकातिर काम गऱ्यो भने अर्कातिर पढेर बी.ए. उतिर्ण गऱ्यो । ऊ कहीले फर्केला भनि हामी दिन गनि रहेका छौ ऊ न आएकाले हामीलाई निकै पीर परेको छ ।

**३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् ।** ३

गरिब मान्छेका समर्थक भएर परमेश्वर खडा हुन्छन् भने बरु म नास्तिक हुन्छु; दब्दिन, नरो भक्ते ! गरिबले एक दिन सुखी हुनुपर्छ तसर्थ यसलाई कसैले पनि रोक्न सक्दैन ।

**४. तलको अनुच्छेदबाट दुई दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् :** २

ईशान विज्ञान पढ्ने विद्यार्थी हो । ऊ भविष्यमा डाक्टर बन्छ रे ! उसकी आमा उसलाई इन्जिनियर बनाउन चाहनुहुन्छ । दाजु भने वकिल बनाउने भन्छन् । ऊचाहिँ पढेर जागिर नखाने बरु समाजसेवा गर्ने भन्छ । कस्तो अचम्म छ उनीहरूको घरमा ! पढ्ने र आफ्नाबारे आफैँले पो सोच्न पाउनुपर्छ त !

**५. तलका प्रश्नको उत्तर दिनुहोस् :** २×३ = ६

**क. तलको अनुच्छेदबाट तीन ओटा उपसर्ग व्युत्पन्न शब्द र तीन ओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् :**

अनुसन्धानले मानिसलाई अहिलेको अवस्थामा पुऱ्याएको छ । मानिसले युगौंदेखि चामत्कारिक तथा रहस्यमय कथाहरू पढेको, सुनेको र देख्दै आएको हो । अहिले मानिसले आफूलाई ग्रामीण विकासमा केन्द्रित गरेको छ । प्रगतिपथमा अगाडि बढ्न व्यक्तिले आफ्नो वैयक्तिक सम्पत्ति खर्च गर्न परे पनि तयार रहनु आजका मानिसको स्वभाव बनेको छ ।

**ख. तलको अनुच्छेदबाट तीनवटा समस्त शब्द र तीनवटा द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्टयाउनुहोस् :**

हिजोआजका केटाकेटीहरू आफ्नो भविष्यका लागि रातदिन नभनी अध्ययन गर्न थालेका छन् । यसरी उनीहरूले आआफ्नो कर्तव्य पूरा गर्न होहल्ला नगरी अनुभवी, अग्रज तथा बूढापाकाहरूसँग सर्सल्लाह गर्दै अघि बढे व्यक्तिगत उन्नति निश्चित छ । ससाना कुरामा नअल्झी अघि बढ्नसके भोलिको सुखी भविष्य उनीहरूकै त हो ।

**६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ५

**क) वाक्य ढाँचा सहित एकवचनलाई बहुवचन र बहुवचनलाई एकवचनमा परिवर्तन गर्नुहोस् :**

म कक्षा १२ मा पढ्ने वि्यार्थी हुँ । कलेजमा मेरो एक जना मन मिल्दो साथी छ । साथी मलाई माया मात्र होइन सहयोग पनि गर्छ । म दिनहुँ बाटामा उसलाई भेट्छु । ऊ पनि सधैँ मलाई भेट्ने प्रयास गर्छ ।

**ख तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्यको ढाँचासमेत मिलाई पुनर्लेखन गर्नुहोस्** :

सानो भाइले कुरै बुझ्नेन । उसले काम पनि गरेको थिएन । तैँले काम राम्ररी गरिनस् भन्ने बित्तिकै ऊ रिसाएको थियो । उसले पछि मात्र कुरा बुझ्छे । उसलाई सम्झाउन धेरै गाह्रो भयो ।

**७. तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :** ६

गौरी साहै फुर्तिलो छ । शङ्कर गरिब केटो हुन् । आज मेरो दिदी विदेशबाट आएको छ । हामीले त सबै कुरा भनेको छु । आउने साता हामी वनभोज जालान् । उनीहरु चाहि के भन्छ ?

**८. तलका प्रश्नको उत्तर दिनुहोस् :** २×४ = ८

क) **तलको अनुच्छेदमा दिइएका वाक्यलाई अभ्यस्त भूतकालमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

म पोखरा गएँ । मलाई त्यो ठाउँ राम्रो लाग्यो । मैले त्यहाँ पुराना साथी भेटेँ । मलाई निकै खुसी लाग्यो ।

**(ख) तलको अनुच्छेदमा रहेका वाक्यलाई द्वितीय पुरूषमा परिवर्तन गर्नुहोस् :**

ऊ काठमाण्डौंमा बस्छ । ऊ विद्यालयमा पढाउँछ । उसकी एउटी महिला साथी छे । ऊ संस्थानमा काम गर्छे ।

**९.तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :** १०

खगोल विज्ञान विश्व वैज्ञानिक इतिहासमा प्राचीन विज्ञानका रूपमा स्थापित छ । अहिले खगोल विज्ञानका क्षेत्रमा धेरै महत्त्वपूर्ण उपलब्धिहरू प्राप्त भइसकेका छन् । यसतर्फको वैज्ञानिक अध्ययन अहिले ज्ञात ब्रहमाण्डीय पिण्डभन्दा पनि अज्ञात ग्रह तथा पिण्डको रहस्य खोतल्न लक्षित भएको छ । स्पष्टतः अहिलेका खगोलविद्हरू ब्रह्माण्ड निर्माणको भौतिक तथा रासायनिक प्रक्रियाको अध्ययनमा जुटेका छन् । खगोल विज्ञानको इतिहास केलाउने हो भने हामीले प्राचीन सभ्यतासम्म पुग्नै पर्दछ । उत्पत्ति कालदेखि नै मानव जातिले ग्रह तथा आकाशीय पिण्डहरूका विषयमा जानकारी राख्न गरेको प्रयासलाई खगोल अध्ययनको पहिलो प्रहर मान्न सकिन्छ । ग्रहहरूको प्रक्रिया, जलवायु वा मौसम अनि मौसमको परिवर्तन यी प्राग्मानवका प्रारम्भिक जिज्ञासाहरू थिए । प्राचीन मिश्रका नागरिकहरूले प्रत्येक वर्ष बाढी आउनुपूर्व आकाशमा नक्षत्र एक निश्चित स्थितिमा हुन्छ भन्ने पत्ता लगाए । यो पर्यवेक्षण नै प्रमाणयुक्त खगोल अध्ययनको पहिलो पाइलो थियो । यो खोजपछि नै उनीहरूलाई नक्षत्रयुक्त आकाशको मानचित्र बनाउन सफलता मिल्यो । फलतः मिस्रवासीहरू यसकै आधारमा पञ्चाङ्ग निर्माण गर्न सफल पनि भए र उनीहरूले नै एक वर्षमा ३६५ दिन हुन्छ भन्ने पत्ता लगाए । सूर्य तथा चन्द्रग्रहणको भविष्यवाणी गर्न पहिलोपल्ट सफल भएका थिए । वर्षलाई महिना, सप्ताह, दिन, घण्टा र मिनेटमा बाँड्ने प्रक्रिया पनि बेबिलोनबाटै प्रारम्भ भएको हो । उनीहरूको सोचाइ थियो- आकाश ठुलो चाल्नी जस्तै छ जसमा असङ्ख्य छिद्रहरू छन् र यिनै छिद्रहरूबाट पृथ्वीमा वर्षा हुन्छ ।

**प्रश्नहरूः**

(क) अहिले खगोल वैज्ञानिकहरू कुन कुराको अध्ययनमा केन्द्रित छन् ?

(ख) प्रमाणयुक्त खगोल अध्ययनको पहिलो पाइलो के थियो ?

(ग) वर्षमा ३६५ दिन हुन्छ भन्ने कुरा के आधारमा पत्ता लाग्यो ?

(घ) बेबिलोनवासीहरू के कुरामा सफल भए ?

(ङ) **"खगोल विज्ञान"** र **"पर्यवेक्षण"** शब्दको अर्थ लेख्नुहोस् ।

१०. **तल दिइएको अनुच्छेदलाई एक तृतीयांशमा सङ्क्षेपीकरण गर्नुहोस् :** ५

विकासको माध्यमबाट आफ्नो सामाजिक, आर्थिक अवस्था सुधार्न पाउनु मानिसको नैसर्गिक अधिकार भएकाले यसका लागि प्रकृतिक तथा भौतिक स्रोतको उपयोग पनि गर्नुपर्ने हुन्छ । तर यी स्रोतको अन्धाधुन्ध प्रयोग भएमा निश्चित रूपमा वातावरणीय विसङ्गतिहरू बढ्ने भएकाले स्रोतको उपलब्धता विचार गरी यसको कसरी दिगो उपयोग गर्न सकिन्छ, त्यसतर्फ पनि ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ । साथै यी स्रोतको उपयोग गर्दा वातावरणमा प्रतिकूल प्रभाव पार्नुहुँदैन । यस कुरामा स्कटहोम सम्मेलन र ब्राजिलको रियो द जेनेरियोमा सम्पन्न वातावरणीय पक्षलाई एकीकृत गर्दै लैजाने सहमति पनि कायम भएको थियो । वातावरणका क्षेत्रमा विकसित र विकासशील राष्ट्रका आआफ्नै प्राथमिकता छन् । अगिल्लो समूहका देशहरू प्रदूषणजन्य समस्याबाट पीडित भएकाले वातावरणीय प्रदूषण कम गर्नेतर्फ बढी क्रियाशील छन् भने पछिल्लो समूहका देशका जनताहरू स्रोतको दिगो उपयोग गरी गरिबी र पछौटेपन हटाउनुपर्ने कुरामा जोड दिन चाहन्छन् । यो वास्तविकता हो, बाध्यता हो, आवश्यकता हो । तर यसका लागि आवश्यक पर्ने वित्तीय स्रोत र प्रविधिको अभावमा आफ्नो स्रोत पनि उपयोग गर्न नसकी गरिब मुलुक अझ गरिब हुँदै गएका छन् । यसरी हेर्दा आज विकसित देशहरू आर्थिक विकासबाट सिर्जित वातावरणीय समस्याबाट पीडित भएको देखिन्छ भने अल्प विकासित देशका जनता आफ्ना स्रोतको उपयोग गर्ने प्रक्रिया वा स्रोतको उपयोग गर्न असक्षम भएका कारणबाट सिर्जित वातावरणीय समस्याको जालोमा फसेका छन् ।

११. **विद्यालयबाट प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न आफू उपयुक्त रहेको व्यहोरा उल्लेख गर्दै जनता माध्यमिक विद्यालयलाई पेस गरिने निवेदन तयार पार्नुहोस् ।** ५

१२. **बढ्दो महँगी शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।** ५

**अथवा**

**आफ्नो विद्यालयमा सम्पन्न रक्तदान कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार गर्नुहोस् ।** (मान्नुहोस् : तपाईंको नाम सुलभ हो र तपाईंको विद्यालयको नाम सगरमाथा मा.वि. पोखरा हो ।)

१३. **तल दिइएका मध्ये कुनै एक शीर्षकमा २५० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् ।** १०

(क) मेरो भविष्यको योजना, (ख) नेपालको जलसम्पदा, (ग) विकासका लागि युवा नेतृत्व

१४. **तलका प्रश्नको उत्तर लेख्नुहोस् :** १०

क) छिमेकीको आवश्यकता र महत्वबारे छिमेकी कथाले कस्तो सन्देश दिएको छ ?

ख) लोककथामा मधुकर र मालतीको त मिलन भयो तर 'मधुमालतीको कथा' मा शङ्कर र गौरीको चाहिँ किन विछोड भएको होला ?

१५. **कुनै दुई प्रश्नको उत्तर दिनुहोस् :** १०

**क) तलको कविताांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको
माटो र पानी पहिलो धन धर्तीका छोराको
ए कहाँबाट हेरौँला संसार सन्झ्यालै नरहे
नेपाली हामी रहौँला कहाँ नेपालै नरहे ।

**प्रश्नहरू**

(अ) तराईलाई सुनको टुक्रा भन्नुको तात्पर्य के हो ?

(आ) धर्तीका छोरा भनेर कसलाई भनिएको हो ?

(इ) माटो र पानी पहिलो धन कसरी हुन सक्छ ?

(ई) ए कहाँबाट हेरौँला संसार सन्झ्यालै नरहे भन्नुको आशय के हो ?

(उ) नेपाल नरहे हामी नेपाली किन रहँदैनौँ ?

**ख) तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

स्वास्नीसमेत थला परेपछि गुमानेको चित्त रहन सकेन । उसले विचार गर्‍यो- "यस्तै दैव लाग्छ र पो छरछिमेकी खोज्नुपरेको नत्र ओडारमा गएर बसे पनि त भयो नि ! जहाँ पनि बस्ने न हो । दिनदशा, आपत्‌विपत् कसलाई पर्दैन? बलको तुजुक थियो, मलाई सधैं यत्तिकै पुग्छ भनेर घमन्ड गर्थ्यो, परमेश्वरले घमण्ड तोडे । बैगुनीलाई गुनले मार्नु भन्छन्, एउटै गाउँमा बढेर यो उमेर भो, दौँतरी हो, यस्तो आपत्‌मा पनि देखेको नदेख्यै गरे पाप लाग्दैन ?"

**प्रश्नहरू :**

(अ) मानिस ओडारमा बस्न नसक्नाको कारण के हो ?

(आ) 'आपत्‌विपत् सबैलाई हुन्छ' यस भनाइको आशय के हो ?

(इ) माथिको भनाइ कसले कुन सन्दर्भमा भनेको हो ?

(ई) 'बैगुनीलाई गुनले मार्नु' भन्नुको तात्पर्य के हो ?

(उ) यस भनाइमा वक्ताले किन साथीलाई आपत् परेको हेरेर बस्न सकेन ?

**ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

समुन्द्रपारिका नारीहरूलाई बरू साथी बनाउन सजिलो होला तर आफ्नो देश, आफ्नो सहर र गाउँका, आफ्नो टोल र छिमेकका आइमाईलाई साथी बनाउन हामीलाई गाऱ्हो पर्छ तर गाऱ्हो भन्दैमा राम्रो कामबाट पन्छिनु उचित कुरा होइन । त्यसैले आइमाई साथी बनाउन सकिने किसिमको अवसर पर्दा म प्रायः पछि सर्ने गर्दिनँ ।

**प्रश्नहरू:**

(अ) समुन्द्रपारिका नारीहरूलाई साथी बनाउन किन सजिलो होला ?

(आ) आफ्नै देशका नारीहरूलाई साथी बनाउन किन नसकिएको हो ?

(इ) 'गाऱ्हो भन्दैमा राम्रो कामबाट पन्छिनु उचित कुरा होइन' भन्नुको तात्पर्य के हो ?

(ई) निबन्धकारले किन आइमाई साथी बनाउन खोजेका हुन् ?

(उ) यस निबन्धको मूल आशय के हो ?

**१६'आइमाई साथी' निबन्धमा निबन्धकारले व्यक्त गरेका विचारमा तपाईंको सहमति वा विमति के रहेको छ ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।** ५

समाप्त